# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

मिति: २०७८।०७।२६

## कोभिड-१९ विरुद्ध फाइजर-बायोएनटेक खोपको पहिलो मात्रा लगाउने सम्बन्धी सूचना

कोभिड १९ विरुद्धको फाइजर-बायोएनटेक खोपको पहिलो मात्रा देहाय बमोजिमका लक्षित व्यक्तिहरुलाई तपसिलको मिति समय र स्थानमा लगाइने हुँदा तोकिएको दिनमा सम्बन्धित खोप केन्द्रमा गई खोप लगाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | खोप लगाउने स्थान | खोप लगाउने मिति | | |
|---|---|---|---|---|
| | | १२ वर्षमाथिका दीर्घ रोगी | १२ देखि १७ वर्ष सम्मका अन्य व्यक्ति | समय |
| १ | पाटन अस्पताल, लगनखेल ललितपुर | २०७८कार्तिक २८ देखि मङ्सिर ४ गते सम्म | २०७८ मङ्सिर ५ देखि ७ गते सम्म | बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म |

(क) **लक्षित समूह: १२ वर्षमाथिका निम्न दीर्घ रोगका बिरामीहरु**

१) लामो समयदेखि मुटुको बिरामी भई अप्रेशन गरेका वा औषधी प्रयोग गरिरहेका व्यक्ति
२) लामो समयदेखि मृगौला को समस्या भई मृगौला फेरेका, डायलाइसिस गराई रहेका, औषधी सेवन गरिरहेका बिरामी
३) जुनसुकै प्रकारका क्यान्सरको पहिचान भई अप्रेशन गरेका तथा उपचारमा रहेका बिरामी
४) लामो समयदेखि छातीको समस्या भई चिकित्सकको पुर्जाबमोजिम औषधि खाईरहेका बिरामी
५) अङ्ग प्रत्यारोपण गरेका व्यक्ति
६) लामो समयदेखि कडा खालको उच्च रक्तचाप र मधुमेह भई चिकित्सकको निगरानीमा उपचार गराई रहेका बिरामी
७) कुनैपनि कारणबाट रोग प्रतिरोधात्मक क्षमता कम भएको अवस्थाको व्यक्ति
८) मस्तिष्क र मस्तिष्कका रक्तनली सम्बन्धी रोग (जस्तै पक्षघात, एन्युरिज्म, रक्तनलीमा भएका विकृति, आदि) लागेका बिरामी

(ख) **खोप लगाउन जाँदा साथमा लिई जानुपर्ने कागजातहरु**

१) दीर्घरोग भएका व्यक्तिका लागि अस्पताल वा चिकित्सकले जारी गरेको रोगको उपचार सम्बन्धी पुर्जा
२) सरकारी कार्यालयबाट जारि गरेको उमेर खुल्ने कागजात

२०७८।७।२६
पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोन: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np